# सहकारीमा कोष व्यवस्थापन

# Fund Management



## कोष के हो ?

सहकारी संस्थाहरुमा कोष भन्नाले सहकारी संस्था सञ्चालनबाट हुने खुद वचत एवं अन्य विभिन्न श्रोत र निकायहरुबाट प्राप्त हुने रकमलाई भविष्यमा दायित्व सिर्जना हुन सक्ने सम्भावित शिर्षकहरुमा खर्च तथा परिचालनको लागि छुट्याएर राखिएको रकम हो ।



## कोष के हो ?

कोष सहकारी संस्था संचालनको मेरुदण्ड हो । कोष जति धेरै भयो संस्था आन्तरिक रुपमा सक्षम सवल र सुरक्षित भई दीगो संचालन हुने गर्दछ । पर्ल्स मापदण्ड अनुरुप कोषहरु(संस्थागत पूँजी) न्यूनतम १०% हुनुपर्दछ ।

## कोष बृद्धिका उपायहरू

- संचालनमा प्रभावकारीता अभिबृद्धि गरि अधिकतम मुनाफा हासिल गर्ने ।
- मुनाफा घटाउन अनावश्यक कृतिम खर्चहरु नगर्ने ।
- कोषमा भएको रकम कोष व्यवस्थापन नीति तयार गरि मितव्ययी रुपमा खर्च गरि बाँकी रहेको रकम जगेडा कोषमा सार्ने ।

## कोष व्यवस्थापन नीति

संस्थाको दीर्घकालिन विकासका लागि विभिन्न कोषहरुको सिर्जना एवं परिचालन कार्यलाई व्यवस्थित तथा प्रभावकारी ढंगवाट व्यवस्थापन गर्नका लागि कोष व्यवस्थापन नीति तयार गर्ने ।

## सहकारी ऐन र नियमावलीमा कोष सम्वन्धि व्यवस्था

सिमित खुद वचत (शुद्ध नाफा) लाई अधिकतम उपयोगी र प्रभावकारी बनाउने गरी सहकारी ऐन २०७४ को परिच्छेद १० को दफा ६७ देखि ७१ र सहकारी नियमावली २०७५ परिच्छेद ६, नियम २५ देखि २७ सम्म कोष सम्वन्धि व्यवस्था गरिएको छ ।




**सहकारी ऐन तथा नियमावली बमोजिम गठनहुने कोषहरु**

## कोषमा रकम बाडफाड सम्वन्धि व्यवस्था

खुद बचतको रकमवाट ऐनको दफा ६८ बमोजिम जगेडा कोषमा कम्तिमा २५% रकम छुट्याई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी दफा ६९ बमोजिम २५% रकम संरक्षित पूँजी फिर्ता कोष र ०.५% रकम सहकारी प्रवर्द्धन कोषमा छुट्याई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी दफा ७० बमोजिम रहेको ८ वटा कोषमा न्यूनतम ५% रकम वाँडफाँड गर्नुपर्ने छ ।

## वितरणको आधारमा कोषको वर्गिकरण

### क. खर्च भएर नजाने (संस्थागत)कोषहरु :

**जगेडा कोष**




**घाटापूर्ति कोष**




## वितरणको आधारमा कोषको वर्गिकरण

### ख. खर्च भएर जाने कोषहरु :

१. संरक्षित पूँजी फिर्ता कोष
२. सहकारी प्रवर्द्धन कोष
३. सहकारी शिक्षा कोष
४. शेयर लाभांश कोष
५. कर्मचारी वोनस कोष
६. सहकारी विकास कोष
७. सामुदायिक विकास कोष
८. स्थिरीकरण कोष
९. अन्य जोखिम व्यवस्थापन कोष




## ऐच्छिक कोष सम्वन्धि व्यवस्था

संस्थाको आवश्यकता अनुरुप संस्थाले आफ्नो विनियम र नीतिहरु बमोजिम ऐच्छिक कोषहरुको व्यवस्था गर्न सक्नेछ ।

१. घरजग्गा कोष
२. राहत कोष
३. अन्य आवश्यक कोषहरु




## कोष र सोको परिचालन

### जगेडा कोष

सहकारी ऐन २०७४ को दफा ६८ बमोजिम कुनै पनि सदस्य वा अन्य कुनै पक्षको दायित्व बहन गर्न नपर्ने र शुद्ध रुपमा संस्थाको मात्र हक दावी लाग्ने गरी व्यवस्था भएको यो कोष संस्थाको दीगो विकासको मेरुदण्ड हो ।

## कोष र सोको प्राप्ती
### जगेडा कोष

क) कर दायित्व भुक्तान गरी बाँकी रकमको ऐनमा भएको व्यवस्था बमोजिम छुट्याइएको कम्तिमा २५ प्रतिशत रकम,

ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम वा नगद पुरस्कार

ग) स्थिर सम्पत्ति बिक्रिबाट प्राप्त नाफा

घ) खर्च गरेर बाँकी रहेका अन्य कोषहरुको रकम

## कोष र सोको परिचालन
### जगेडा कोष

सामान्य अवस्थामा जगेडा कोष खर्च गरिँदैन । संस्थाको स्थीर सम्पत्ति आर्जन गर्ने कार्यको लागि जगेडा कोषमा रहेको रकमलाई आधार रकमको रुपमा गणना गरी एभ्वीक मापदण्ड अनुरुप आर्जन गर्न तथा संस्था विघटन गर्ने अवस्थामा अन्य श्रोतबाट भुक्तानी गर्न नपुग रकम भुक्तानी गर्न परिचालन गर्न सकिनेछ ।

## कोष र सोको परिचालन
### संरक्षित पूँजी फिर्ता कोष

आर्थिक वर्षभरी सहकारी संस्थामा कारोबार गरेर नाफा आर्जन गर्न योगदान पुऱ्याए वापत प्रोत्साहन दिने उद्देश्यले सहकारी ऐन, २०७४ र नियमावली २०७५ को व्यवस्था बमोजिम स्थापित कोष हो ।

## कोष र सोको प्राप्ती
### संरक्षित पूँजी फिर्ता कोष

खुद बचतको रकमवाट ऐनको दफा ६८ बमोजिम जगेडा कोषमा कम्तिमा २५% रकम छुट्याई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सो को २५% छुट्याएको रकम ।

## कोष र सोको परिचालन
### संरक्षित पूँजी फिर्ता कोष

कोषमा रहेको रकम मध्ये सदस्यले बचतमा प्राप्त व्याज र ऋणमा तिरेको व्याजको लागि ४०% र ६०% भार दिई निश्चित दर निकाली सो को आधारमा वितरण गर्ने । साथै भाखा नाघेको ऋणमा तिरेको व्याजको आधारमा रकम उपलव्ध नगराउने ।

## संरक्षित पूँजी फिर्ता कोष दर गणना प्रकृया

बचत व्याजको आधारमा :

$$= \frac{\text{संरक्षित पूँजी फिर्ता कोषको ४०\%}}{\text{बचतको व्याज खर्च}} \text{ x१००}$$

ऋणमा तिरेको व्याजको आधारमा :

$$= \frac{\text{संरक्षित पूँजी फिर्ता कोषको ६०\%}}{\text{ऋणवाट प्राप्त ब्याज आम्दानी}} \text{ x१००}$$

## सहकारी प्रवर्द्धन कोष

सम्बन्धित मन्त्रालयको खातामा जम्मा गर्नुपर्ने
व्यवस्थापन समिति रहने
मन्त्रालयले महासंघ, केन्द्रीय संघ, प्रदेश संघ र जिल्ला संघहरुलाई अनुदान स्वरुप प्रदान गर्ने, अभियानको सुदृढिकरणको लागि

## सहकारी प्रवर्द्धन कोष

मन्त्रालयले महासंघ ३० प्रतिशत
केन्द्रीय संघहरु २५ प्रतिशत
प्रदेश संघहरु १० प्रतिशत
प्रदेश विषयगत संघहरु १० प्रतिशत
जिल्ला संघहरु १५ प्रतिशत
जिल्ला विषयगत संघहरु १० प्रतिशत
अनुदान स्वरुप प्रदान गर्ने, अभियानको सुदृढिकरणको लागि

## कोष र सोको परिचालन

### सहकारी शिक्षा कोष

सहकारी संस्थाका सदस्यहरुलाई सहकारीका राष्ट्रिय, अन्तर्राष्ट्रिय सिद्धान्त, मुल्य, मान्यता, संस्थाले अबलम्बन गरेका नीति र योजनाको बारेमा सदस्यहरुलाई सुसुचित गर्ने उद्देश्यले सहकारी ऐन, २०७४ र नियमावली, २०७५ को व्यवस्था बमोजिम स्थापित कोष हो ।




## कोष र सोको प्राप्ती

### सहकारी शिक्षा कोष

नियमानुसार कर छुट्याई बाँकी वचत रकमबाट जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्याई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी वार्षिक नाफा (वचत) बाट प्राप्त हुने न्यूनतम ५ प्रतिशत रकम ।




## कोष र सोको परिचालन

### सहकारी शिक्षा कोष

वार्षिक रुपमा संस्थामा आबद्ध भई कारोबार गरिरहेका सदस्य मध्ये न्यूनतम २५ प्रतिशत सदस्यहरुलाई सुचना, तालिम तथा शिक्षा प्रदान गर्ने




## कोष र सोको परिचालन

### शेयर लाभांश कोष

सहकारी संस्थाका सदस्यहरुले खरिद गरेको शेयर खरिद गरि संस्था संचालन गर्न योगदान पुऱ्याए वापत प्रोत्साहन दिने उद्देश्यले सहकारी ऐन, २०७४ र नियमावली, २०७५ को व्यवस्था बमोजिम स्थापित कोष हो ।

## कोष र सोको प्राप्ती

### शेयर लाभांश कोष

नियमानुसार कर छुट्याई बाँकी वचत रकमबाट जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्याई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी बाँकी हुन आउने रकमको न्यूनतम ५% रकम।

## कोष र सोको परिचालन

### शेयर लाभांश कोष

कुल शेयर पुँजीमा १८ प्रतिशत भन्दा बढी लाभांश नबाँड्ने गरी संचालक समितिको प्रस्तावमा साधारण सभावाट निर्णय गरि वितरण गरिने।

## शेयर लाभांश कोष रकम गणना प्रकृया

दिन गणनाको आधारमा :

$$= \frac{\text{खरिद शेयर X वार्षिक लाभांश दर\%}}{\text{३६५}} \text{ X शेयर खरिद दिन}$$

## कोष र सोको परिचालन

### कर्मचारी वोनस कोष

वर्षभरी सहकारी संस्थाको व्यवस्थापनमा संलग्न भई नाफा आर्जन गर्न योगदान पुऱ्याए वापत कर्मचारीहरुलाई प्रोत्साहित गर्न सहकारी ऐन, २०७४ र नियमावली, २०७५ को व्यवस्था बमोजिम स्थापीत कोष।

## कोष र सोको प्राप्ती

### कर्मचारी बोनस कोष


नियमानुसार कर छुट्याई बाँकी वचत रकमबाट जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्याई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी बाँकी हुन आउने रकमको न्यूनतम ५% रकम वा १० जना भन्दा वढी कर्मचारी भएमा कर अधिको नाफाको अधिकतम १०% रकम।

## कोष र सोको परिचालन

### कर्मचारी बोनस कोष

१. लेखापरीक्षण गरिएको वर्ष कर्मचारीहरुले संस्थामा गरेको योगदानको आधारमा समानुपातिक रुपले वितरण गर्ने,
२. कोषमा जतिसुकै रकम प्राप्त भएको भएता पनि वितरण गर्दा बढीमा तीन महिनाको तलबमान भन्दा बढी वितरण नगर्ने
३. यो कोषको वितरणको लागि आधारभुत तलबमानलाई आधार मानि सम्बन्धित वर्षमा काम गरेको महिनाको आधारमा वितरण गर्ने।

## कर्मचारी बोनस कोष रकम गणना प्रकृया




योगदानको आधारमा :

= (आधारभुत तलवमानXवितरण महिना / १२) Xकाम गरेको महिना

## कोष र सोको परिचालन

### सहकारी विकास कोष

सहकारी संस्थाका संस्थागत संरचना र अन्य भौतिक सामाग्रीहरु आर्जन गर्ने श्रोतको लागि सहकारी ऐन, २०७४ र नियमावली, २०७५ को व्यवस्था बमोजिम खुद वचतबाट विनियममा व्यवस्था भए अनुसार प्राप्त रकमबाट सिर्जना हुने कोष ।

## कोष र सोको प्राप्ती

### सहकारी विकास कोष

नियमानुसार कर छुट्याई बाँकी वचत रकमबाट जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्याई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी बाँकी हुन आउने रकमको न्यूनतम ५% रकम ।

## कोष र सोको परिचालन

### सहकारी विकास कोष

संस्थाको स्थायी संरचनाहरु जोड्ने, मर्मत गर्ने वा अन्य नासिएर नजाने आवश्यकिय पुर्वाधारहरु जोड्न,

यस कोषमा जतिसुकै रकम भएता पनि संस्थाका सञ्चालन खर्च व्यवस्थापन गर्ने वा अन्य तत्काल नासिएर/खर्च भएर जाने सामाग्री जोड्न यो कोषको प्रयोग गरिने छैन ।

## कोष र सोको परिचालन

### घाटापूर्ति कोष

सहकारी संस्थाले कारोबार सञ्चालन गर्दा कुनै वर्ष लगानीमा रहेको ऋण असुलीमा ढिलाई, अत्याधिक तरलता, अनियन्त्रित र योजना विहिन सञ्चालन खर्च, आदिको कारण अनपेक्षित रुपमा प्रतिकुल परिणामको रुपमा घाटा उत्पन्न हुन गएमा सदस्यहरुको शेयर र वचतको मुल्य साथै संस्थामा रहेको दायित्वलाई सिमित गर्नका लागि नाफा आर्जन गर्दाका वर्ष सहकारी ऐन, २०४८ र नियमावली, २०४९ को व्यवस्था बमोजिम खुद वचत (नाफा)को केही अंश छुट्याई राखिने कोष

## कोष र सोको प्राप्ती

### घाटापूर्ति कोष

नियमानुसार कर छुट्याई बाँकी वचत रकमबाट जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्याई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी बाँकी हुन आउने रकमको न्यूनतम ५% रकम ।

## कोष र सोको परिचालन
### घाटापूर्ति कोष

कुनै वर्षको कारोबारबाट संस्थामा घाटा पर्न गएमा सो घाटाको पुर्ति गर्न यस कोषमा रहेको रकमको प्रयोग गरिनेछ ।

## कोष र सोको परिचालन
### सामुदायिक विकास कोष

सामुदायिक विकास गर्नको लागि सहकारी ऐन, २०७४ र नियमावली, २०७५ को व्यवस्था बमोजिम खुद वचतबाट विनियममा व्यवस्था भए अनुसार प्राप्त रकमबाट सिर्जना हुने कोष ।

## कोष र सोको प्राप्ती
### सामुदायिक विकास कोष

नियमानुसार कर छुट्याई बाँकी वचत रकमबाट जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्याई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी बाँकी हुन आउने रकमको न्यूनतम ५% रकम ।

## कोष र सोको परिचालन
### सहकारी विकास कोष

सहकारी सामाजिक दायित्वका कार्यक्रमहरुमा खर्च गर्ने,

## कोष र सोको परिचालन
### स्थिरीकरण कोष

समग्र सहकारी अभियानको सुरक्षा गर्नको लागि सहकारी ऐन, २०७४ र नियमावली, २०७५ को व्यवस्था बमोजिम खुद वचतबाट विनियममा व्यवस्था भए अनुसार प्राप्त रकमबाट सिर्जना हुने कोष ।

## कोष र सोको प्राप्ती
### स्थिरीकरण कोष

नियमानुसार कर छुट्याई बाँकी वचत रकमबाट जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्याई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी बाँकी हुन आउने रकमको न्यूनतम ५% रकम ।

## कोष र सोको परिचालन
### स्थिरीकरण कोष

तरलता सापटी

दायित्व भुक्तानी सापटी

पुर्नसञ्चालन खर्च सापटी

## कोष र सोको परिचालन
### अन्य जोखिम ब्यहोर्ने कोष

कुनै अनपेक्षित जोखिम बहन गर्नको लागि प्रयोग गर्न सकिने

## कोष र सोको परिचालन
### खर्च गरेर बाँकी कोषहरु

आर्थिक वर्षको अन्तमा खर्च गरेर बाँकी रहेको सबै कोषहरुलाई संचालक समितिबाट निर्णय गरि जगेडा कोषमा सार्ने अभ्यासको थालनी गर्ने ।




## संस्थागत पूँजी

जगेडा कोष र घाटापूर्ति कोषको जोड




## शुद्ध संस्थागत पूँजी

शुद्ध संस्थागत पूँजी : (संस्थागत पूँजी + **P1** र **P2** को लागि गरिएको ऋण जोखिम कोष व्यवस्था + समस्याग्रस्त सम्पत्तिको लागि गरिएको व्यवस्था) - (१ वर्ष भन्दा वढी भाखा नाघेको ऋणको १००% + १ देखि १२ महिना सम्म भाखा नाघेको ऋणको ३५%) - समस्याग्रस्त सम्पत्ति

